# कनकाई बुलेटिन

Kanakai Bulletin

KANAKAI MULTIPLE CAMPUS

कनकाई बहुमुखी क्याम्पस

Year 2, Issue 2, July- December 2021 (Autumn)


## कनकाई बहुमुखी क्याम्पस : संक्षिप्त चिनारी

पूर्वी नेपाल अन्तर्गत झापा जिल्लाको मध्य भागमा पूर्वमा बिरिङ नदी, पश्चिममा कनकाई माई, उत्तरमा धनुषकोटी धाम र दक्षिणमा झापाकै पुरानो बजार झापा बजारबाट मध्य भागमा अवस्थित पूर्वकै शैक्षिक केन्द्रको रुपमा स्थापित कनकाई बहुमुखी क्याम्पस सबैको रोजाइमा पर्ने गर्दछ। समाज र राष्ट्रको दिगो तथा चौतर्फी विकास र सकरात्मक परिवर्तनको निर्विकल्प आधार शिक्षा नै हो भन्ने आधारभूत मान्यता र परिकल्पनाका साथ वि.स. २०४७ सालमा 'कनकाई क्याम्पस' को नामबाट यस क्याम्पसको स्थापना भएको हो।



तत्कालीन शिक्षासेवी र समाजसेवीहरुको सामूहिक प्रयासको फलस्वरुप मिति २०४७/०९/१० गतेका दिन त्रि.वि. बाट क्याम्पस सञ्चालनको अनुमति प्राप्त भई मिति २०४७/१०/१० गते श्रीपञ्चमीका दिन तत्कालीन स्वयमसेवी शिक्षक कोमल प्रसाद पोखरेलबाट कक्षारम्भ भएको थियो। तत्कालीन शिक्षासेवी र समाजसेवीहरुको विवरण कनकाई स्मारिका (२०५१) को परिशिष्ट २ मा उल्लेख भएको पाइन्छ। क्याम्पसले २९ वर्षे यात्रा पार गर्ने क्रममा वि.स. २०५२ सालदेखि स्नातक तहको कार्यक्रम सञ्चालन गर्ने स्वीकृति प्राप्त गरेको थियो भने २०५७ सालमा ३ वर्षे वि.एड. त्यसपछि १ वर्षे वि.एड. हुदै २०६२ सालदेखि वि.वि.एस. कार्यक्रम सञ्चालन हुदै आाएको छ। त्यसै गरी २०६४ देखि एम.एड. र २०७४ सालदेखि एम.वि.एस.सम्मको पठनपाठन गर्ने स्वीकृति भए अनुरुप उक्त कक्षाहरु प्रभावकारी रुपमा सञ्चालन हुँदै आएका छन् जसले गर्दा झापा लगायत पूर्वी नेपालको उत्कृष्ट शैक्षिक केन्द्रको रुपमा यो क्याम्पस विकसित र स्थापित हुदै आएको छ।

कनकाई बहुमुखी क्याम्पस कम्पाउण्ड सहितको ५ बिगाहा क्षेत्रफल भित्र सुविधा सम्पन्न भवन, खेलमैदान, पुस्तकालय, चमेनागृह, उद्यान आदि संरचनाहरुले सजिएको छ। दैनिक पठनपाठनका लागि आवश्यक फर्निचर र सामग्री सहितको २५ कोठे भवन रहेको छ साथै पुस्तकालय सहितको प्रशासनिक भवन निर्मित छ। त्यसै गरी प्राध्यापक र कर्मचारीका लागि आवश्यक चमेना गृह, विद्यार्थीहरुका लागि छात्र छात्राको अलग सुविधायुक्त शौचालय निर्मित क्याम्पसमा शुद्ध पिउने पानीको व्यवस्था रहेको छ। क्याम्पसको पूर्वोत्तर भागमा लगभग दश कट्ठा बराबरको क्षेत्रफलमा आकर्षक बगैँचा निर्माण गरिएको छ। टाढाबाट आउने विद्यार्थीहरुको यातायात सुविधालाई दृष्टिगत गरी कनकाई नगरपालिका, शिवसताक्षी नगरपालिका र विर्तामोड नगरपालिका तथा झापा गाउँपालिका भरिको पहुँचमा पुग्ने गरी विद्यार्थी यातायातका लागि दुईवटा बस खरिद गरी सञ्चालनमा ल्याइएको छ।

क्याम्पसमा हाल ३८ जना अनुभवी, दक्ष र तालिम प्राप्त प्राध्यापकहरु र २२ जना कर्मचारीहरु कार्यरत छन्। क्याम्पसको प्रशासनिक तथा प्राज्ञिक कार्यसम्पादनलाई व्यवस्थित बनाउन ६ वटा विभागहरु र १२ वटा विभिन्न समितिहरु गठन गरिएका छन्। लेखन, अनुसन्धान र प्रकाशन सम्बन्धी कामहरु पनि उत्साह जनक रुपमा हुँदै आएका छन्। विभिन्न संकाय र तहमा अध्ययनरत



विद्यार्थीहरुको संख्या ८३८ रहेको छ । क्याम्पसले स्नातक र स्नातकोत्तर तहका अतिरिक्त छुट्टै व्यवस्था हुने गरी कक्षा ११ र १२ तथा कम्प्युटर र भाषा कक्षाहरु पनि सञ्चालनमा ल्याएको छ । कक्षा ११ र १२ मा जम्मा २६६ विद्यार्थीहरु अध्ययनरत छन् ।

शैक्षिक उपलब्धिका सन्दर्भमा यस वर्षमा स्नाकोत्तर तहतर्फ व्यवस्थापन संकायमा ८० प्रतिशत र शिक्षा शास्त्र तर्फ ४८ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण छन् भने स्नातक तहतर्फ औसतमा ३५ प्रतिशत भन्दा बढी विद्यार्थीहरु उत्तीर्ण देखिन्छन् । क्याम्पसमा विभिन्न अतिरिक्त क्रियाकलापहरु, अभिमुखीकरण कार्यक्रम, अनुसन्धानमूलक गोष्ठी, भ्रमण आदि गतिविधिहरु सञ्चालन भइरहेका छन् । व्यवस्थित रुपमा आन्तरिक, प्रयोगात्मक र बाह्य परीक्षाहरु सञ्चालन भएका छन् । गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि छात्र वृत्तिको उचित व्यवस्था हुदै आएको छ । क्याम्पस QAA प्राप्तिको दिशा र प्रक्रियामा क्रियाशील छ र यस सम्बन्धी गतिविधिहरु अन्तिम चरणमा पुगिसकेका छन् । Center for academic excellence को मूलनारा सहित अघि बढेको क्याम्पसले गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने गन्तव्यलाई टुङगोमा पुऱ्याउन प्रतिवद्धता जाहेर गरेको छ । सरोकारवालाहरुको सामूहिक प्रतिबद्धता, प्रयास र सहयोगबाट क्यापम्सको निर्धारित लक्ष्य पूरा हुने निश्चित छ । समग्रमा क्याम्पस भौतिक संरचनाका दृष्टिले निकै मजबुत बनेको देखिन्छ भने आर्थिक र शैक्षिक दृष्टिले अपेक्षाकृत प्रगति हाँसिल गर्ने चुनौतीलाई सामना गर्दै अघि बढ्नुपर्ने देखिन्छ  जसका लागि यस क्याम्पस परिवार सदासर्वदा अहोरात्र कटिबद्ध भएको पाइन्छ ।


## शैक्षिक परामर्श समितिको बैठक सम्पन्न

कनकाई बहुमुखी क्याम्पसको शैक्षिक परामर्श समितिले आफ्नो पदाधिकारी सहित बैठक सम्पन्न गरेको छ । शैक्षिक क्षेत्रमा आइपरेका विषयवस्तुलाई सहज बनाउने उद्देश्यका साथ २०७७ माघ ४ गते बैठक सम्पन्न भएको हो ।




क्याम्पसले लिई आएको आन्तरिक परीक्षालाई व्यवस्थित मर्यादित रुपमा सञ्चालन तथा परीक्षा मिति सार्वजनिक गरेको छ । साथै स्नातक प्रथम वर्षमा भर्ना अभियान सशक्त बनाई बढी भन्दा बढी विद्यार्थी क्याम्पसमा भित्र्याउने मूल लक्ष्य लिएको थियो । शैक्षिक परामर्शका संयोजक क्याम्पस प्रमुख विकास प्रसाद उप्रेतीले सो कार्यका लागि क्षेत्रगत आधारमा प्राध्यापकहरुलाई ४ वटा टोलीमा विभाजन गर्दै संयोजक समेत तोक्नुभएको थियो । जसमा उप-प्राध्यापक रुद्रबहादुर थापा साहायक क्याम्पस प्रमुख सेरबहादुर बानियाँ, सहायक प्राध्यापक योन्देन सुनुवार र सहायक प्राध्यापक दिनेशकुमार तिम्सिना रहनु भएको थियो ।

## सार्वजनिक सूचना केन्द्रको बैठक सम्पन्न



कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको सार्वजनिक सूचना केन्द्रको बैठक सम्पन्न भएको छ । माघ ५ गते भएको स्नातक तह पहिलो वर्षमा विद्यार्थी भर्नालाई लक्षित गर्दै सो बैठक सम्पन्न भएको हो ।

पूर्वकै उत्कृष्ठ शैक्षिक केन्द्र स्थापना गर्ने उद्धद्दश्यले अगाडि बढिरहेको कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा विद्यार्थीको चाहना अनुसारका विषयहरु पढ्न पाउने र कलेज चाँडो भन्दा चाँडो QAA प्रमाणपत्र प्राप्त गर्न गइरहेको हुँदा सकेसम्म बढि विद्यार्थीहरु भर्ना गराई गुणस्तरीय शिक्षा प्रदान गर्नु क्याम्पसको दायित्व रहेकोले विद्यार्थीलाई शैक्षिक केन्द्रको परिचय दिँदै पोस्टर पम्पेलट व्यानर, माईक तथा सूचनाका विभिन्न साधनको प्रयोग गर्दै हामी छिमेकी गाउँपालिकासम्म पुग्नुपर्छ भन्ने विचार केन्द्रका संयोजक टिकाराम घिमिरेले राख्नुभएको थियो ।

## सञ्चालक समितिको बैठक सम्पन्न

कनकाई बहुमुखी क्याम्पसमा सञ्चालक समितिको बैठक सम्पन्न भएको छ । २०७७ माघ ८ गते बिहीबारका दिन बैठक सम्पन्न भएको हो ।



कनकाई बहुमुखी क्याम्पस सुरुङ्गालाई नेपालकै एक उत्कृष्ठ कलेज बनाउने उद्देश्यका साथ सञ्चालक समिति अनबरत काम गरिरहेको र क्यामपसको हितको निम्ति मौजुदा विधानलाई केही परिमार्जन गर्नुपर्ने प्रस्तावका उपर छलफल गरी निर्णय समेत पारित गरिएको थियो । निकट भविष्यमा आइरहेको क्याम्पस सभालाई लक्षित गर्दै सो बैठक सम्पन्न भएको थियो । विधानलाई समय सापेक्ष बनाउनु पर्ने र काम गर्न सहज बनाउनु पर्ने राय उपस्थित संचालक समितिका सबै सदस्यको मत रहेको थियो । भावी दिनमा क्याम्पस शैक्षिक अवस्था सुधारका लागि समेत बैठक केन्द्रित रहेको थियो । बैठकको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष प्रेम प्रसाद चुडालले गर्नु भएको थियो ।

## परीक्षा समितिको बैठक सम्पन्न

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा परीक्षा समितिको बैठक सम्पन्न भएको छ । माघ १० गते परीक्षा समितिको बैठक सम्पन्न भएको हो ।



कनकाई बहुमुखी क्याम्पसमा स्नातक प्रथम, स्नातक दास्रो र स्नातकोत्तर प्रथम सेमेस्टरको आन्तरिक परीक्षा मिति २०७७ माघ १२ गतेदेखि गर्ने र त्यस सम्बन्धी कामको जिम्मेवारी विभागीय प्रमुख र विषयगत प्राध्यापकहरुलाई दिने निर्णय समेत पारित भएको थियो । उक्त बैठकमा परीक्ष केवल परीक्षाका लागि मात्र नभएर यो मूल्याङ्कनको प्रमुख माध्यम समेत बनेको निर्णय प्रस्तुत गरिएको थियो । परीक्षा समितिका संयोजक सहायक क्याम्पस प्रमुख सेरबहादुर बानियाँ को अध्यक्षतामा सम्पन्न कार्यक्रममा सबै विभागका बिभागीय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

## बैठक सम्पन्न

कनकाई बहुमुखी क्याम्पस गुनासो सुझाव तथा पृष्ठपोषण समितिको बैठक सम्पन्न भएको छ। २०७७ माघ ३० गते सम्पन्न भएको सो बैठकले शैक्षिक तथा भौतिक रुपमा क्याम्पसलाई अगाडि बढाउने उद्देश्यले सम्पन्न भएको हो।




क्याम्पसमा राखिएको सुझाव पेटीकाबाट प्राप्त सुझावलाई यथाशिघ्र चाँडो लागु गर्ने, पढ्ने र पढाउने कार्य नियमित रुपमा हुनुपर्ने जस्ता भनाइ राखिएको थियो। साथै क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यको लागि सहयोग पुऱ्याउन अन्य संघ संस्थामा भए गरेका कार्यबाट पृष्ठपोषण लिने कार्य समेत बताइएको थियो। क्याम्पस परिसर भित्रका खानेपानी व्यवस्थापन, शौचालय सुधार, खेलकुद सामग्री, पुस्तकालयमा पुस्तक थप्ने तथा व्यवस्थित बनाउने जस्ता विभिन्न विषयमा छलफल भएको थियो। बैठक सञ्चालक समतिका सदस्य श्री गुणप्रसाद तिम्सिनाको संयोजकत्वमा सम्पन्न भएको थियो।

## सरस्वती पूजा सम्पन्न

कनकाई बहुमुखी क्याम्पस अतिरिक्त क्रियाकलाप विभागको आयोजनामा सरस्वती पूजा सम्पन्न भएको छ। २०७७ फाल्गुण ३ गते बसेको बैठकले सरस्वती पूजालाई सभ्य र भव्य तरिकाले सम्पन्न गर्ने निर्णय गरेको हो।



कनकाई बहुमुखी क्याम्पस अतिरिक्त क्रियाकलाप विभागका विभागीय प्रमुख सहायक प्राध्यापक रुद्र गौतमको अध्यक्षतामा फागुण ३ गते बसेको बैठकले फागुन ४ गते को सरस्वती पूजालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्नका लागि विभिन्न उपसमितिहरुको निर्माण गरी कार्य समेत बाँडफाँड गरेको थियो। जसमा साहायक प्राध्यापक अरुण वास्तोलको उपसमितिमा विद्यार्थीहरुको समेत सहभागिता रहेको थियो। साथै पूजा कार्य पश्चात मुर्ति सेलाउने तथा सरसफाइ कार्यमा समेत सामेल भई क्याम्पस प्रशासनलाई सहयोग पुऱ्याउने निर्णय पारित गरिएको थियो।

## विद्यार्थी गुणस्तर समूहको वैठक सम्पन्न



कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको विद्यार्थी गुणस्तर समूहको बैठक सम्पन्न भएको छ। २०७७ फागुन ३ गते क्याम्पसमा अध्ययरत विद्यार्थीहरुलाई शैक्षिक रुपमा सबल बनाउने उद्देश्यले सो बैठक सम्पन्न भएको हो।

कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अध्ययनमा अएका अप्ठ्यारा र जठिल परिस्थितिसँग जुटेर छोटो समयमा बढी भन्दा बढी शिक्षा आर्जन गराउने उद्देश्यले गठित समितिले कोभिड - १९ का कारण केही समस्या उत्पन्न भएकाले विद्यार्थी माझ पुग्न नसके पनि अबका दिनमा विद्यार्थीको विभिन्न समिति तथा उप समिति निर्माण गरी कार्य गर्ने जस्ता विषयहरुमा समितिका संयोजक स्नातकोत्तर तहका विद्यार्थी तथा गुणस्तर समूहका अध्यक्ष पुष्प पौडेलको समितिले निर्णय समेत पारित गरिएको थियो।

## विद्यार्थी परामर्श तथा रोजगार समितिको बैठक सम्पन्न




कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको विद्यार्थी परामर्श तथा रोजगार समितिको बैठक सम्पन्न भएको छ । २०७७ फागुन २० गते बसेको बैठकले स्थानीय स्तरमै विद्यार्थीलाई रोजगार दिलाउने महान उद्देश्यले सम्पन्न भएको हो ।

कनकाई बहुमुखी क्याम्पसमा अध्ययनरत स्नातक चौथो वर्ष, मानविकी तेस्रो वर्ष र स्नाकोत्तर चौथो समेस्टरमा अध्ययनरत विद्यार्थीहरुलाई रोजगार खोज्ने कार्यमा सहजीकरण गर्ने उद्देश्यले सम्पन्न बैठकमा विद्यार्थीसँग व्यक्तिगत विवरण (CV) माग गर्ने निर्णय पारित भएको थियो । विद्यार्थीहरुलाई सकेसम्म स्वरोजगारको लागि प्रेरित गर्ने खालको व्यवहारिक शिक्षा प्रदान गर्ने, गराउने र स्थानीय स्तरमा नै रोजगार दिलाउन प्रेरित गर्ने लगायतका विषयमा छलफल भएको थियो । बैठक विद्यार्थी परामर्श तथा रोजगार समितिका अध्यक्ष उप प्राध्यापक ठाकुर प्रसाद रसाईली को संयोजकत्वमा सम्पन्न भएको थियो ।

## कनकाई जर्नल लोकार्पण

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाले अनुसन्धानमूलक जर्नलको पहिलो अंक लोकार्पण गरेको छ । २०७७ साल चैत ३१ गते क्याम्पसकै ऐतिहासिक उपलब्धिका रुपमा कनकाई जर्नल लोकार्पण भएको हो ।




शिक्षालाई अनुसन्धानमूलक बनाउनुपर्छ र सकेसम्म खोजमुलक शिक्षाबाट नै सोचे भन्दा बढी उपलब्धी हाँसिल गर्न सकिन्छ भन्ने उद्देश्य अनुरुप क्याम्पसले अनुसन्धानमा हात हालेको हो । क्याम्पसको अनुसन्धान व्यवस्थापन तथा प्रकाशन समितिका संयोजक सहायक क्याम्पस प्रमुख सेरबहादुर बानियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रममा RMC सदस्य कमला भण्डारीले स्वागत मन्तव्य राख्नुभएको थियो । कनकाई जर्नलको परिचयात्मक जानकारी प्रधान सम्पादक सह-प्राध्यापक जीवनाथ सुवेदीले गर्नुभएको थियो । मेची बहुमुखी क्याम्पसका उप-प्राध्यापक राजेन्द्र अधिकारी, दमक बहुमुखी क्याम्पसका RMC coordinator अरुण श्रेष्ठ र पूर्व क्याम्पस प्रमुख सह-प्राध्यापक मातृका प्रसाद सिटौलाले कनकाई जर्नल सम्बन्धी आवश्यक सूझाव र टिप्पणी गर्नुभएको थियो । क्याम्पसको सभाहलमा सम्पन्न कार्यक्रमको प्रमुख अथिति क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्रेमप्रसाद चुडालले गर्नुभएको थियो । विद्यार्थी र प्राध्यापक वक्ता भएको कार्यक्रमको सञ्चालन सहायक प्राध्यापक रुद्र गौतमले गर्नुभएको थियो ।


## वृक्षरोपण कार्यक्रम सम्पन्न



कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा वृक्षरोपण कार्यक्रम सम्पन्न भएको छ । अतिरिक्त क्रियाकलाप विभागले २०७८ जेष्ठ २८ गते वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको हो ।

क्याम्पसलाई शितल, शान्त, हरियाली र विद्यार्थी मैत्री बनाउने उद्देश्यले क्याम्पस हाताभित्र विभिन्न प्रजातिका रुख तथा फूलका विरुवाहरु बन डिभिजन कार्यालय चन्द्रगडीबाट झिकाई वृक्षरोपण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा क्याम्पस प्रमुख विकासप्रसाद उप्रेतीले क्याम्पस परिसरलाई वातावरणका माध्यमले स्वच्छ बनाउन वृक्षरोपण अपरिहार्य भएको वताउनु भएको थियो । साहायक प्राध्यापक दिनेशकुमार तिम्सिनाले सहजीकरण गर्नुभएको कार्यक्रमको अध्यक्षता अतिरिक्त क्रियाकलाप विभागका विभागीय प्रमुख रुद्र गौतमले गर्नु भएको थियो ।

## Pre-visit सम्पन्न




कनकाई बहुमुखी क्याम्पसको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) अभियानको कार्यक्रम सम्पन्न भएको छ । २०७८ असार १३, १४ र १५ गते Peer Review Team ले क्याम्पसका सरोकारवाला विभिन्न समूहसँग भर्चुअल विधिबाट अन्तरक्रियात्मक बैठक सम्पन्न भएको थियो ।

कनकाई बहुमुखी क्याम्पसको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन QAA अभियान अन्तर्गत तीन दिने भर्चुअल माध्यमबाट Pre-visit सम्पन्न भएको थियो । उक्त बैठकमा क्याम्पसका सरोकारवाला विभिन्न समूहसँगको अन्तरक्रियात्मक बैठकहरुमा सहजीकरण गर्दै विश्वविद्यालय अनुदान आयोग QAA विभागका अधिकृत श्री नारायण भण्डारीले गर्नु भएको थियो भने उल्लेखित सबै बैठकको समयमा QAA सम्बन्धी विस्तृत जानकारी तथा मापदण्डको बारेमा र क्याम्पसले अबलम्बन गर्ने विविध पक्षहरु सहित PRT का संयोजक प्रा.डा. शंकर थापाले आफ्नो राय प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रमको तालिका बमोजिम २०७८ असार १३ गते क्याम्पस परिवारको तर्फबाट सञ्चालक समिति अध्यक्ष श्री प्रेमप्रसाद चुडाल र क्याम्पस प्रमुख श्री विकासप्रसाद उप्रेतीले बैठकमा उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो । उक्त स्वागत कार्यक्रममा सरोकारवाला सबै पक्षहरुसँग अन्तरक्रियात्मक छलफल सम्पन्न भएको थियो भने सोही दिन सञ्चालक समिति, प्राध्यापक , विभागीय प्रमुखहरु र क्याम्पसमा कार्यरत कर्मचारीहरुसँग छुट्टा छुटै बैठक सम्पन्न भएको थियो ।



त्यसैगरी असार १४ गतेको दास्रो दिनको अन्तरक्रियात्मक बैठक कार्यक्रममा विद्यार्थीहरुसँग, पूर्व विद्यार्थीहरुसँग, अनुसन्धान व्यस्थापन समितिसँग, आन्तरिक गुणस्तर सुनिश्चितता सो मूल्याङ्कन समूहसँग छुट्टा छुटै अन्तरक्रियात्मक बैठक सम्पन्न गर्नुका साथै क्याम्पस परिसरको विभिन्न पक्षहरुको भर्चुअल माध्यमबाट अवलोकन समेत भएको थियो  र अन्त्यमा क्याम्पस प्रमुखसँग छुट्टै बैठक सम्पन्न भएको थियो । त्यसैगरी २०७८ असार १५ गतेका दिन Pre visit Team, क्याम्पस प्रमुख, IQAC र SAT कमिटिका coordinator सँग संयुक्त रुपमा क्याम्पसको बारेमा PRT बाट प्रतिवेदनको बारेमा जानकारी गराउनु भएको थियो र सोही दिन मध्यान्ह १२ : ३० बजेको बैठक सहित ३ दिवसीय भर्चुअल बैठकको समापन भएको थियो ।

## स्टाफ बैठक सम्पन्न

कनकाई बहुमुखी क्याम्पसमा QAA लाई लक्षित गर्दै स्टाफ बैठक सम्पन्न भएको छ। २०७८ असार २२ गते बसेको बैठकमा क्याम्पस प्रशासन, प्राध्यापक, कर्मचारीको संयुक्त बैठक सम्पन्न भएको हो ।

उक्त बैठकमा SSR को पहिलो प्रतिवेदन पठाई पुनः सुधारका लागि UGC बाट feedback सहितका सुझावहरु प्राप्त भएकोले उक्त Report मा नपुग भएका काम तथा अभिलेखहरु पुरा गर्ने सबै विभागीय प्रमुख, विभिन्न समिति तथा उप समिति, प्राध्यापक र कर्मचारीलाई जिम्मेवारी तोकिएअनुसार असार मसान्तसम्ममा बुझाउन क्याम्पस प्रमुख विकासप्रसाद उप्रेतीले जानकारी दिनुभएको थियो । अबका दिनमा सबै समिति र उपसमितिले आफूलाई दिइएको कामप्रति बफादार भएर म र हाम्रोको भावनाले कार्य गर्न प्रेरित गरिएको थियो । कार्यक्रममा SAT संयोजक टिकाराम घिमिरेले बाँकी कामको बारेमा विचार व्यक्त गर्नुभएको थियो ।




## पुस्तकालय तथा कम्प्युटर ल्याब व्यवस्थापन समितिको बैठक सम्पन्न

कनकाई बहुमुखी क्याम्पसको पुस्तकालय तथा कम्प्युतर ल्याब व्यवस्थापन समितिको बैठक सम्पन्न भएको छ । पुस्तकालयलाई थप व्यवस्थित र ई-लाइब्रेरीको अवधारणा अनुरुप तयारीका निम्ति सो बैठक सम्पन्न भएको हो ।

२०७८ साल असार २९ गते उक्त समितिले आफ्ना विविध प्रस्ताव माथि छलफल गरी सर्वसम्मत रुपमा पारित समेत गरेको थियो । शैक्षिक वर्ष २०७८/७९ को वार्षिक कार्ययोजना निर्माण सम्बन्धमा छलफल गर्दै सुविधायुक्त र विद्यार्थीकेन्द्रित पुस्तकालय अन्तर्गत खुल्ला पहुँच (Open Access) जस्ता विषयमा छलफल गरी आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC) मा पठाउने निर्णय पारित गरिएको थियो । त्यसै गरी वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा छलफल गर्दै सो पनि IQAC मा पठाउने निर्णय पारित गरिएको थियो । पुस्तकालय बजेट निर्माण सम्बन्धमा छलफल गर्दै आर्थिक वर्ष २०७८/७९ का लागि रू. ७,६३,०००/- बराबरको बजेट समेत पारित गरी क्याम्पस प्रशासन समक्ष पेस गर्ने निर्णय पारित गरिएको थियो ।




प्रकाशक : अनुसन्धान व्यवस्थापन तथा व्यवस्थापन एकाइ, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा
इमेल : kanakai.campus47@gmail.com
वेबसाइट : http://kanakaicampus.edu.np/
सम्पादक मण्डल : संयोजक, दिनेशकुमार तिम्सिना
सदस्य, मुक्तिनाथ दाहाल
सदस्य, दुर्गा काफ्ले
कम्प्युटर सेटिङ्ग : लाख बहादुर तामाङ
मुद्रक :